नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

प.स.: २०८२/०८३
च.नं.: २६०

मिति २०८२/०४/२१
नेपाल संवत् ११४५

**विषयः कर्मचारी सरुवा व्यवस्थापन सम्बन्धमा ।**

श्री मन्त्रालय/आयोग/सचिवालय/निकाय (सबै)।

निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (१) मा निजामती कर्मचारीहरूलाई देशको विभिन्न भौगोलिक क्षेत्रको समेत अनुभव दिलाउन सरुवा गरिने व्यवस्था रहेको साथै निजामती सेवा नियमावलीको नियम ३६ को उपनियम (१) मा ऐनको दफा १८ अनुसार सरुवा गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रत्येक वर्षको भदौ १ गते देखि भदौ मसान्त भित्रको समय तालिका अनुसार गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। सो सम्बन्धमा कर्मचारी सरुवा व्यवस्थापन गर्ने प्रयोजनार्थ देहाय बमोजिम गर्नु गराउनु हुन सबै मन्त्रालय/आयोग/सचिवालय/निकाय तथा निजामती कर्मचारीहरूलाई यस मन्त्रालय(सचिवस्तर)को मिति २०८२/०४/२१ को निर्णयानुसार अनुरोध छ ।

देहायः

१. निजामती सेवा ऐन, २०४९ को दफा १८ बमोजिम सरुवा हुन इच्छुक निजामती कर्मचारीहरूले वैयक्तिक विवरण (PIS) अद्यावधिक गरी मिति २०८२ श्रावण मसान्त भित्र इमेल ठेगानाः saruwa2081@gmail.com मा निजामती सेवा नियमावली २०५० को अनुसूची ९ बमोजिमको ढाँचामा सरुवा निवेदन पेश गर्ने ।

२. सबै मन्त्रालय/आयोग/सचिवालय/निकायहरूले अन्तर्गतका निकायहरूमा पदस्थापन/सरुवा/काज खटाइएका निजामती कर्मचारीहरूको वैयक्तिक विवरण (PIS) राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी ७ (सात) दिन भित्र अद्यावधिक गराउने ।

३. सबै मन्त्रालय/आयोग/सचिवालय/निकायहरूले अन्तर्गतका निकायहरुमा समेत कार्यरत निजामती कर्मचारीहरूको विवरण तपसिल बमोजिमको ढाँचामा ७(सात) दिन भित्र अनिवार्य यस शाखाको इमेल ठेगानाः federal.emp.admin@mofaga.gov.np मा पठाउने ।

**तपसिल**

| सि.नं. | कर्मचारी संकेत नं. | कर्मचारीको नामथर | सेवा/समूह/श्रेणी/पद | मन्त्रालय/आयोग/सचिवालय/निकायमा सुरु हाजिरी मिति | हाल कार्यरत कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |

२०८२/४/२१

(सुदिप सापकोटा)
शाखा अधिकृत